# श्री प्रगतीशिल सामुदायिक वन उपभोक्ता समूह

## चूरे गा.पा ४ कैलाली

## काठ लिलाम विक्री सम्वन्धि विस्तृत विवरण सहितको सूचना ।।।

(सिटी पोष्ट राष्ट्रिय दैनिक पत्रिका प्रथम पटक प्रकाशित मिति २०७९/१०/२२)

उपरोक्त विषयमा यस सामुदायिक वन उपभोक्ता समुहको सामुदायिक वन क्षेत्रबाट आ.व. ०७७८।०७९ को वन ब्यवस्थापन मा संकलन भै **तपसीलको** घाटगद्दीमा भएको काठ तपशिल वमोजिमको लट कायम गरी जे जस्तो अवस्थामा छ । सोही अवस्थामा सिलवन्दी वोलपत्रद्धारा लिलाम विक्री गर्नु परेको हुंदा मुल्य अभिवृद्धि करमा दर्ता भएका काठ व्यवसायी फर्म वा उद्योगले मात्र निम्न शर्तको अधिनमा रही यो सम्वन्धि **सूचना सिटी पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा** प्रकाशित भएको मितिले २१ दिन भित्र यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयवाट, वोलपत्र खरीद गरी २२ औ दिनको १.०० वजे भित्र यस सा.व.उ.स.कार्यालयमा सिलवन्दी वोलपत्र दाखिला गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएका छ ।

तपशिल

| सि.नं. | लट नं. आ.व. ०७९/०८० | घाटगद्धीस्थान | जत | ग्रेड | थान | परिमाण क्यु.फिट | न्यूनतम मुल्य प्रति क्यु.फिट | न्युनतम मुल्य रकम रु. | लागत खर्च प्रति क्यु.फि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १/०७९/०८० | सा.व.उ.स. कम्पाउण्ड | साल | ए | २४ | ४११।३९ | १०००।०० | ४,११,३९०।० | २७५।० | |
| | | | | बि | २० | २१९।४६ | ७००।०० | १,५३,६२२।० | | |
| | | | | सि | २४ | १७३।९३ | ५००।०० | ८६,९६५।० | | |
| | | | | डि | २ | ६।१० | २५०।०० | १,५२५।० | | |
| | | | | | ७० | ८१०।८८ | | | | |

शर्तहरु

१. यो सम्वन्धि सूचना **सिटी पोष्ट राष्ट्रिय दैनिक** पत्रिकामा प्रकाशित मितिले २१ दिन भित्रमा मु.अ.कर दर्ता भएका काठ व्यवसायी ,फर्मले रु १००० (फिर्ता नहुनेगरि) तिरी यस सा.व.उ.स.को कार्यालयबाट वोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. आफुले सकार गरेको अंकको १०% ले हुने धरौटी बापतको रकम प्रगतिशिल सा.व.उ.स.को नाममा रहेको कृर्षि विकाश वैक शाखा कार्यालय अत्तरियाको चल्ती हिसाब नं.०८२३४०१३३७०१९०१३ मा जम्मा गरेको सक्कल भौचर वा नगद वा

बैंक ड्राफट तथा मु.अ.करमा दर्ता भएको, प्रमाणपत्र, काठ व्यवसायीको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी समेत वोलपत्रसाथ संलग्न गरी शिलबन्दी वोलपत्र पेश गर्नु पर्नेछ ।

३. वोलपत्र खरिद गर्ने अन्तिम दिन वा वोलपत्र दाखिला गर्ने अन्तिम दिन बिदा परेमा क्रमश: कार्यालय खोल्ने दिनमा उपरोक्त समयमा नै वोल विक्रि दर्ता र खोल्ने कार्य हुने छ र वोलपत्र जुन कार्यालय वाट खरिद गरिएको हो । सोही कार्यालयमा दर्ता गनुपर्ने छ । र वोलपत्र खरिद गर्ने अन्तिम समय १२ :०० सम्म मात्र रहने छ ।

४. वोलपत्र दाताले वोलपत्रमा आफ्नो नाम ठेगाना लेखी दस्तखत गरी फर्म वा संस्थाको छाप समेत लगाई खाममा राखी शिलबन्दी गरी खामको बांया तर्फ आफ्नो नाम ठेगाना लेखी फर्म वा संस्थाको छाप समेत लगाई दार्यातर्फ वोलपत्र पेश हुने कार्यालयको नाम, विषय र लट नं उल्लेख गरी वोलपत्र पेश गर्नु पर्नेछ ।

५. वोलपत्र पेश गर्दा आफुले सकार गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

६. सिलवन्दी वोलपत्रहरु सूचना प्रकाशित भएका मितिले २२ औ दिनको १:०० वजे भित्रमा सा.व.उ.स.को कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ ।

७. निर्धारित म्याद भित्र रितपुर्वक दर्ता हुन आएका वोलपत्र सूचना प्रकाशित भएका मितिले २३ औ दिनको ११.०० वजे ( वोलपत्रदाता वा निजको प्रतिनिधि नभएमा पनि) नियमानुसार खोलिने छ ।

८. पर्न आएका वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस समुहको कार्य समितिमा निहित रहने छ । म्याद नाघि आएको वा शर्त राखेको र रीत नपुगेको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

९. वोलपत्र स्वीकृत भएको सूचना वोलपत्र खोलिएको मितिले वढीमा ७ दिन भित्र यस सा.व.उ.स को कार्यालयको सूचना पार्टिमा टांस गरिने छ । यो सूचना टांस भएको मितिले १५ दिन भित्र सम्बन्धित सकारकर्ताले सकार रकम जम्मा गर्नु पर्नेछ । तोकिएको म्याद भित्र रकम जम्मा नगरेमा उक्त लटको लागी राखेको धरौटी नियमानुसार जफत गरी १०% भित्र परेका क्रमश: दोस्रो, तेस्रो र चौथोलाई रकम दाखिला गर्न सूचना प्रकाशित गरिने छ । सो को जानकारी सकारकर्ता स्वयंमले लिनु पर्नेछ ।

१०. वोलपत्र दाताले काठ हेर्न चाहेमा उपभोक्ता समुहको घाटगद्धीमा हेर्न सकिने छ ।

११. सकारकर्ताले सकार गरेको सकार रकमको अतिरिक्त नियमानुसार लाग्ने मु.अ.कर र संकलन खर्चको रकम समेत थप दाखिला गर्नु पर्नेछ ।

१२. अन्य जानकारीका लागी कार्यालय समयमा यस सा.व.उ.स.को कार्यालयमा तथा डिभिजन वन कार्यालय, कैलालीमा सम्पर्क राख्न सकिने छ ।

ईति सम्वत् २०७९ साल माघ महिना २२ गते रोज १ शुभम् ।